## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ११ मिति : २०७६/१२/०४

**भाग-२**

**चौरजहारी नगरपालिका**


चौरजहारी नगरपालिका

**प्रमाणित मिति :- २०७६/१२/१७**

# घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना :** नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन पाउने घर बहाल करको करदाता पहिचान, कर मूल्यांकन, कर निर्धारण र कर असुली कार्यलाई सरल, पारदर्शी र व्यवस्थित बनाई नगरपालिकाको आन्तरिक स्रोत परिचालनमा प्रभावकारीता ल्याउने विषयमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

चौरजहारी नगर कार्यपालिकाको मिति २०७६।१२।०४ को बैठकले नगरपालिकाको चौरजहारी नगरपालिका कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७६ को दफा ११ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"घर बहाल कर व्यबस्थापन कार्यविधि, २०७६"** रहेको छ ।